जब मुस्लिमलाई कब्रमा प्रश्न गरिन्छ : उसले अल्लाह बाहेक कोही सत्य ईश्वर छैनन् र मुहम्मद अल्लाहका रसूल हुन् भनेर गवाही दिनेछ

"जब मुस्लिमलाई कब्रमा प्रश्न गरिन्छ : उसले अल्लाह बाहेक कोही सत्य ईश्वर छैनन् र मुहम्मद अल्लाहका रसूल हुन् भनेर गवाही दिनेछ* ।" अल्लाहको भनाइ : “अल्लाहले मोमिनहरूलाई सत्य वचन (तौहीद) द्वारा लोक र परलोकमा दृढता प्रदान गर्नुहुन्छ ।” को
यही मतलब हो । [सूरह इब्राहीम: २७] "जब मुस्लिमलाई कब्रमा प्रश्न गरिन्छ : उसले अल्लाह बाहेक कोही सत्य ईश्वर छैनन् र मुहम्मद अल्लाहका रसूल हुन् भनेर गवाही दिनेछ ।" अल्लाहको भनाइ : “अल्लाहले मोमिनहरूलाई सत्य वचन (तौहीद) द्वारा लोक र परलोकमा दृढता प्रदान गर्नुहुन्छ ।” को यही मतलब हो । [सूरह इब्राहीम: २७] [सही] [मुत्तफकुन अलैहि]

मुमिनलाई कब्रमा प्रश्न सोधिनेछ । यसका लागि तोकिएका दुई स्वर्गदूतहरू; मुन्कर र नकीरले उसलाई सोध्नेछन् । धेरैजसो हदीसहरूमा यो नाम उल्लेख गरिएको छ । अतः उसले अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद अल्लाहका रसूल हुनुहुन्छ भनेर गवाही दिनेछ । नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले अल्लाहको भनाइ : 'सत्य बचन' द्वारा दृढता प्रदान गर्नुहुन्छ भन्ने कुराको यही मतलब हो भन्नुभएको छ । {अल्लाहले मोमिनहरूलाई सत्य वचन (तौहीद) द्वारा लोक र परलोकमा दृढता प्रदान गर्नुहुन्छ} [सूरह इब्राहीम: २७]

https://sunnah.global/hadeeth/ne/show/4206